## कार्यपालिका बैठक संख्या- १६

मितिः- २०८३।०२।२८

### निर्णयहरु

**निर्णय नं. १-** यस विजयनगर गाउँपालिका गाउँ कार्यपालिका सदस्य स्व. श्री बलिमाया कमिनिज्यूको मिति २०८३।०२।०६ गते भएको असामयिक निधनले सिंगो गाउँ कार्यपालिका परिवार अत्यन्त मर्माहत र स्तब्ध भएका छौँ। उहाँले यस गाउँपालिकाको हित, विकास र समृद्धिको यात्रामा पुऱ्याउनुभएको योगदानको उच्च कदर गर्दछौं। उहाँको निधनबाट गाउँपालिकाले एक असल, लगनशील र जिम्मेवार अभिभावक गुमाएको छ। दिवंगत आत्माको चीर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौँ। यस दुःखद घडीमा शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दछौं। उहाँको सम्मानमा यो बैठक एक मिनेट मौन धारण गर्दै सर्वसम्मतिले शोक प्रस्ताव पारित गर्दछ।

**निर्णय नं. २-** मिति २०८३।०१।३० गतेको बैठक नं. १५ लगायत अघिल्ला बैठकबाट भएका निर्णय तथा सोको कार्यान्वयन सम्बन्धमा आवश्यक छलफल तथा समिक्षा गरियो। गाउँपालिकाको चालु आ.व. २०८२/०८३ को लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको कार्यान्वयनका सम्वन्धमा छलफल गर्दा हालसम्म कूल ४१% वित्तिय प्रगति हासिल भएको पाइयो। चालु आ.व. को अन्तिम महिना प्रवेश गर्दैगर्दाको उल्लिखित खर्च प्रतिशत सन्तोषजनक नरहेकोले बाँकी समयमा थप प्रगति हासिल गर्न जिम्मेवार जनप्रतिनिधि एवं कर्मचारीहरुले अधिकतम योगदान गर्नेगरी आ-आफ्नो भूमिका बहन गर्ने निर्णय गरियो।

**निर्णय नं. ३-** यस गाउँपालिका अन्तर्गत विभिन्न स्थानमा विंद्युतीकरण (तार, पोल र ट्रान्सफर्मर ठाउँ सारी, आवश्यक ठाउँमा नयाँ पोल व्यवस्थापन)का लागि नेपाल विद्युत प्राधिकरण, कृष्णनगर वितरण केन्द्रको प्राविधिक सहयोगमा प्राप्त लागत अनुमान बमोजिमको कार्य सोहि संस्थाबाट कार्यान्वयन गर्ने गरी तपसिल बमोजिमको रकम नेपाल विद्युत प्राधिकरण, कृष्णनगर वितरण केन्द्रको धरौटी खाता नं. ००२०१०१७५०५५११ मा जम्मा गरिदिने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | योजनाको नाम | कार्यानव्यन हुने स्थान | जम्मा गर्नुपर्ने रकम | श्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | Newalagunj-Jawabairath-Praganna Tol Sadak Staronnati Tatha Kalopatre योजनामा पर्ने विद्युत पोल तथा स्थानान्तरण | विजयनगर-१, नेवलागञ्ज गाउँ | रु. ८,१९,०५१.५६ | गाउँपालिका भित्र विभिन्न ठाउँमा विद्युत प्राधिकरणको प्राविधिक सहयोगमा विद्युतिकरण कार्य (तार, पोल र ट्रान्सफर्मर ठाउँसारी तथा नयाँ पोल व्यवस्थापन लगायतका कार्य) | |
| २ | Jhuluniya Jagadishpur Patthardaiya Birthing Center hudai Mainari Sadak Staronnati Tatha Kalopatre योजनामा पर्ने विद्युत पोल तथा स्थानान्तरण | विजयनगर-३, पत्थरदेइया गाउँ | रु. ३, ३२,२११.१६ | | |
| ३ | दत्तपुरमा नाली निर्माण योजनामा पर्ने विद्युत पोल, तार तथा ट्रान्सफर्मर स्थानान्तरण | विजयनगर-७, दत्तपुर | रु. १,६२,४५३.६५ | | |
| | कुल जम्मा | | रु. १३,१३,७१६.३७ | | |

**निर्णय नं. ४-** मिति २०८३।०१।२१ गते आएको भिषण हावाहुरीबाट विजयनगर-१, जवाबैराठमा रहेको होमस्टे सामुदायिक भवन (सभाहल)को ट्रस सहित जस्तापाताको छाना उडाइ प्रयोग गर्न नसकिने अवस्थामा रहेकाले उक्त भवनको मर्मत संभारका लागि प्राविधिक लागत अनुमान बमोजिम आवश्यक देखिएको रु. ८ लाख रकम मागमा आधारित साना पूर्वाधार शिर्षकबाट खर्च लेख्ने गरी यथासक्य छिटो मर्मत संभार कार्य अघि बढाउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

२०८३।०२।२८
हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १४ उपदफा-२ को (ज) बमोजिम कार्यपालिका बैठक नं. १६ को निर्णय प्रमाणित गर्दछु

गोपाल बहादुर थापा मगर २०८२।०८३
अध्यक्ष
विजयनगर गाउँपालिका

## कार्यपालिका बैठक संख्या- १६

मितिः- २०८३।०२।२८

**निर्णय नं. ५-** मिति २०८३।०१।०४ गतेको ६१औं गाउँ शिक्षा समितिको बैठकबाट पारित तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

१. **विद्यालयको माग र आवश्यकता आधारमा मर्मत सम्भार तथा अन्य कार्यक्रम संचालनका लागि** तपशिलका विद्यालयहरुलाइ देहायानुसार रकम विनियोजन गर्ने भनि सर्व सम्मतिबाट निर्णय गरियो ।

देहायः-

| क्र.स. | विद्यालय नाम | विनियोजित रकम | शिर्षक | कैफीयत |
|---|---|---|---|---|
| १ | कामना प्रा.वि . विजयनगर १ जवावैराठ | रु. १ लाख | विद्यालय मर्मत | |
| २ | राम शरण आधारभूत विद्यालय विजयनगर ६ जुडपनिया | रु. १ लाख | कुसन, कार्पेट खरिद कार्यालय, कक्षाकोठा व्यवस्थापन | |
| ३ | आधारभूत विद्यालय थरौली विजयनगर -१ थरौली | रु. ५० हजार | सि.सि.टी.भी. क्यामरा जडान | |

२. मिति २०८२/१२/२९ को १३औं कार्यपालिका बैठकको निर्णय नं. ६ को क्र.स. ४ मा रहेको श्री राम शरण आधारभूत विद्यालय विजयनगर-६, जुडपनिया विद्यालयको **बाउण्डरी वाल /कुशन** सम्बन्धी शीर्षकलाई संशोधन गरी **बाउण्डरीवाल र बालविकास भवन मर्मत सम्भार** कायम गरी अनुमोदन गर्ने भनि सर्व सम्मतिबाट निर्णय गरियो ।

३. बजेट कितावको क्र.स.२१५ खर्च शीर्षक नं. २२५२२ नेपाल सरकार समानिकरण अनुदानबाट **ध्यान तथा नैतिक शिक्षाका रुपमा व्यक्तित्त्व विकास कार्यक्रम** अन्तर्गत विनियोजित रु. ५ लाख मध्ये रु. २ लाख ५० हजार माध्यमिक तह (S.E.E.) परीक्षामा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहन, पुरस्कार शीर्षकमा खर्च गर्ने गरी संशोधन/रकमान्तर गर्ने भनि सर्व सम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ६-** यस गाउँपालिकाबाट चालु आ.व. २०८२-०८३ का लागि स्वीकृत तपसिल बमोजिमका योजना/कार्यक्रमहरुलाई आगामी गाउँसभाबाट अनुमोदन हुनेगरी देहायानुसार संशोधन गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

तपसिलः-

| क्र.सं. | योजनाको नाम | विनियोजित रकम | संशोधन भइ कायम हुने योजनाको नाम | रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | फरेना सडक स्तरोन्नती | रु. ३ लाख | खुरुहुरिया गाउँ पश्चिम बाटो स्तरोन्नती | रु. १ लाख | |
| | | | प्रेमनगर बोरिङ जडान | रु. १ लाख | |
| | | | छुटपाटी सडक स्तरोन्नती | रु. १ लाख | |
| २ | मागमा आधारित सीप विकास तालिम वडा नं. ३ | रु. २ लाख ५० हजार | व्यवसायिक तरकारी खेतिका लागि सीप विकास तालिम र लागत साझेदारीमा प्रविधि हस्तान्तरण | रु. २ लाख ५० हजार | वडा नं. ३ |
| | मागमा आधारित सीप विकास तालिम वडा नं. ५ | रु. २ लाख ५० हजार | व्यवसायिक तरकारी खेतिका लागि सीप विकास तालिम र लागत साझेदारीमा प्रविधि हस्तान्तरण | रु. २ लाख ५० हजार | वडा नं. ५ |

**निर्णय नं. ७-** चालु आ.व. २०८२/०८३ का लागि गाउँपालिका अन्तर्गतका विभिन्न शाखा/वडाबाट/अन्तर्गत कार्यान्वयन हुनेगरी स्वीकृत योजना तथा कार्यक्रमको हालसम्मको प्रगती र बाँकी योजना/कार्यक्रमको कार्यान्वयनको अवस्था एवं आगामी आ.व. २०८३/०८४ को वार्षिक नीति, कार्यक्रम तथा बजेटको तयारीको सन्दर्भमा सम्पूर्ण शाखा प्रमुख/वडा सचिव सहितको संयुक्त बैठक आगामि मितिः २०८३।०३।०३ गते बुधबार दिनको ०२:०० बजे, गाउँपालिका सभाहल खडैंचामा बस्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

**निर्णय नं. ८-** जिल्ला समन्वय समिति प्रमुखको अध्यक्षतामा मिति २०७८।०६।१७ गते बसेको जिल्ला अनुगमन समितिको बैठकबाट अनुगमन र व्यवस्थापकीय कार्यको लागि सम्बन्धित स्थानीय तहले जिल्ला समन्वय समितिलाई रकम उपलब्ध गराउने भनि निर्णय भए बमोजिम नदिजन्य पदार्थ लगायत गाउँपालिकामा सञ्चालित विभिन्न योजना/कार्यक्रमको अनुगमन तथा व्यवस्थापकीय कार्यका लागि जिल्ला समन्वय समिति कपिलवस्तुलाई रु. १ लाख उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो ।

२०८३।०२।२८

हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ङ) बमोजिम कार्यपालिका बैठक नं. १६ ........को निर्णय प्रमाणित गर्दछु

बहादुर थापा मगर आ.व. २०८२।०८३
अध्यक्ष

## कार्यपालिका बैठक संख्या- १६

मितिः- २०८३।०२।२८

**निर्णय नं. ९-** यस गाउँपालिका अन्तर्गतको खेतियोग्य जमिनमा सिंचाई पहुँच विस्तारका लागि सातै वडाका तपसिल स्थानमा लिफ्ट सिंचाई योजना संचालनका लागि सम्भाव्यता अध्ययन सहितको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारीका लागि आवश्यक प्रकृयाअघि बढाउँने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | योजनाको नाम | योजना संचालन हुने स्थान |
|---|---|---|
| १ | भगिरामपुर लिफ्ट सिंचाई योजना | विजयनगर-१, भगिरामपुर |
| २ | शारदाघाट लिफ्ट सिंचाई योजना | विजयनगर-२ |
| ३ | रामनगर डीहवा लिफ्ट सिंचाई योजना | विजयनगर-३, रामनगरडिहवा |
| ४ | छिटाइडिहवा-डगडवा लिफ्ट सिंचाई योजना | विजयनगर-४, डगडई |
| ५ | ठाकुरापुर लिफ्ट सिंचाई योजना | विजयनगर-५, ठाकुरापुर |
| ६ | सेमरी-उज्जवलपुर लिफ्ट सिंचाई योजना | विजयनगर-६, सेमरी |
| ७ | छौ. अमौली लिफ्ट सिंचाई योजना | विजयनगर-७, छौ. अमौली |

**निर्णय नं. १०-** विजयनगर गाउँपालिका वडा नं. ३ स्थित पत्थरदेइया स्वास्थ्य चौकीको नाममा ज.ध.प्र.पु. कायम जग्गाहरुमा रहेका तपसिल प्रजाती र संख्याका रुख कटानका लागि आवश्यक प्रकृया अघि बढाइदिनु हुन भनि उक्त स्वास्थ्य चौकी संचालन तथा व्यवस्थापन समितिको मिति २०८३।०१।२५ गतेको बैठकको निर्णय सहित अनुरोध भई आएको सम्बन्धमा नियमानुसार आवश्यक प्रकृया पुऱ्याई रुख कटान तथा विक्रि गरी प्राप्त हुन आउने रकम गाउँपालिकामा आम्दानी बाँध्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

तपसिलः-

| क्र.सं. | रुखको नाम/प्रजाती | संख्या | कैफिय |
|---|---|---|---|
| १ | सिमल | २४ थान | |
| २ | सिसम | २ थान | |
| ३ | जामुन | ३ थान | |
| ४ | आँप | १ थान | |
| ५ | कटहल | १ थान | |
| ६ | बेल | १ थान | |
| ७ | लस्पीट | ९ थान | |
| ८ | सिरसा | २० थान | |
| ९ | पिपल | ३ थान | |
| १० | बाँस घारी | १ थान | |

११. विजयनगर गाउँपालिकाको आ.व.२०८२/०८३ मा उपभोक्ता समितिबाट सञ्चालित तपसिलका योजनाहरुको निर्माण कार्य भइरहँदा अनुगमन समितिबाट नियमित रुपमा स्थलगत अनुगमन तथा सुपरीवेक्षण गरी पेश भएको अनुगमन प्रतिवेदनलाई अनुमोदन गर्ने निर्णय गरियो।

तपसिल

| सि.न. | योजना/कार्यक्रमको नाम | योजना कार्यान्वयन हुने स्थान | कैफियत |
|---|---|---|---|
| १ | लोहारघाट-नेवलागञ्ज जोड्ने झोलुङ्गे पुल निर्माण | विजयनगर-१ | |
| २ | खडैचा दुर्गा मन्दिर रङ्गरोगन तथा व्यवस्थापन | विजयनगर-६ | |
| ३ | महदैया मदरसा अधूरो वाउन्ड्री वाल तथा गेट निर्माण | विजयनगर-३ | |
| ४ | खरेन्द्रपुर स्वर्गद्वारी मन्दिर निर्माण शिवराज-३ | शिवराज-३ | |
| ५ | जगदिशपुर मस्जिद निर्माण वडा नं.३ | विजयनगर-३ | |
| ६ | मदरसा नइमिया अहिले सुन्नत उलुम पत्थरदैईया भवन निर्माण | विजयनगर-३ | |
| ७ | शान्ती दिप आधारभूत विद्यालय मर्मत तथा रङ्ग रोगन जल्लहिया | विजयनगर-२ | |
| ८ | श्री समय माई मन्दिर निर्माण तथा संचालन | विजयनगर-५ | |

आ.व. २०८२।०८३

कार्यपालिका बैठक नं. १६ निर्णय प्रमाणित गर्दछु

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका

## कार्यपालिका बैठक संख्या- १६

मितिः- २०८३।०२।२८

**निर्णय नं. १२-** निम्न संस्था /समिति/ योजना तथा व्यक्तिहरुका लागि तपसिल बमोजिमको रकम उपलब्ध गराउने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

**तपसिलः-**

| क्र.सं. | व्यक्ति/संस्था/समिति/ योजनाहरुको नाम | ठेगाना | प्रयोजन | रकम | भुक्तानिको श्रोत |
|---|---|---|---|---|---|
| १ | निर्माणाधिन पत्थरदेइया स्वास्थ्य चौकीको फिल्डमा माटो पटान | विजयनगर-३, पत्थरदेइया | माटो पटान | रु. ८,००,०००।– (आठ लाख रुपैयाँ मात्र) | |
| २ | भगिरामपुर टोल विकास संस्था | विजयनगर-१, भगिरामपुर | लिफ्ट सिंचाईको सोलार सिस्टमको कन्ट्रोल वक्स खरिद तथा जडान | लागत अनुमान/विल भरपाई अनुसार | मागमा आधारित सहयोग साना पूर्वाधार विकास कार्यक्रम तथा अनुदान |
| ३ | जिल्ला प्रहरी कार्यालय | तौलिहवा, कपिलवस्तु | १.५ टनका २ थान ए.सी. (Air Conditioner) जडान | प्रहरी कार्यालयको मागको आधारमा जिन्सी शाखाबाट भएको खरिदलाई स्वीकृत गरी रकम भुक्तानी गर्ने | |
| ४ | देउपुरा आधारभूत स्वास्थ्य सेवा केन्द्र | विजयनगर-४, देउपुरा | स्वास्थ्य चौकी भवनको झ्याल मर्मत | रु. ३०, ०००।– (तीस हजार रुपैयाँ मात्र) | |
| ५ | श्री सचेतना आधारभूत विद्यालय | विजयनगर-४, इमिलिखर्क | विद्यालय भवनको झ्याल ढोकामा रंगरोगन | रु. ३०, ०००।– (तीस हजार रुपैयाँ मात्र) | |
| ६ | गेमी मिलिउ मगर समाज | विजयनगर-४, त्रिभुज | भूमे मेला, २०८३ आयोजना | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | चाड पर्व, मेला महोत्सव तथा संस्कृति संरक्षण |
| ७ | मदरसा अहले सुन्नत फैजे गौसिया | विजयनगर-५, पिपरी | जशने शहीदे आजम जलसा कार्यक्रम आयोजना | रु. ७५,०००।– (पचहत्तर हजार रुपैयाँ मात्र) | |
| ८ | मोहम्मद दिलशाद | विजयनगर-५, बनगाई | औषधोपचार | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | |
| ९ | प्रभु प्रसाद कलवार | विजयनगर-६, जुडपनिया | औषधोपचार | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | मागमा आधारित सहयोग कार्यक्रम |
| १० | चिन्तामणी सारु मगर | विजयनगर-६, कपिलवस्तु | औषधोपचार | रु. २०,०००।– (बिस हजार रुपैयाँ मात्र) | |
| ११ | इलाका प्रहरी कार्यालय | सुन्दरीडाँडा, कपिलवस्तु | सवारी साधन मर्मत | रु. ५०,०००।– (पचास हजार रुपैयाँ मात्र) | सिमा सुरक्षा प्रशासन तथा सुरक्षा निकाय सहयोग कार्यक्रम |

**निर्णय नं. १३-** गाउँपालिका अन्तर्गतका सामुदायिक/धार्मिक विद्यालयमा विद्यालय कर्मचारी पदपूर्ति प्रकृयालाई व्यवस्थित गर्न शिक्षा, युवा तथा खेलकुद शाखाबाट पेश भएको **सामुदायिक विद्यालयमा विद्यालय कर्मचारी छनौट सम्बन्धी कार्यविधी**, २०८३ स्वीकृत गर्ने भनि सर्वसम्मतिबाट निर्णय गरियो।

२०८३।०२।२८
हिमलाल विश्वकर्मा
प्रमुख प्रशासकीय अधिकृत

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ उपदफा-२ को (ग) बमोजिम कार्यपालिका बैठक नं. १६ को निर्णय प्रमाणित गर्दछु

विजयनगर गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, बुल्हरिया, कपिलवस्तु, लुम्बिनी प्रदेश, नेपाल

गोपाल बहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालिका